धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या २/०७९/०८०

आज मिति २०७९ साल श्रावण २५ गते, बुधबार विहान ८.०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसियो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य , | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री उद्धव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | श्री खगेन्द्र प्रसाद खतिवडा | वरिष्ठ राजश्व अधिकृत | धरान उपमहानगरपालिका | |

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३१ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**
यस भन्दा अघि २०७९ असाढ २१ गते र २३ गते कार्यपालिकाको बैठक वसेको र २१ गतेको बैठकबाट १६ वटा र २३ गतेको बैठकमा २ वटा निर्णय भएको थियो । २१ गते भएका निर्णयहरु मध्ये राष्ट्रिय आविष्कार केन्द्रको शाखा खोल्नेसँग सम्बन्धी निर्णय बाहेक अन्य केहि निर्णयहरु कार्यान्वयन भै सकेका र केहि निर्णयहरु कार्यान्वयन हुदै गरेको अवस्था पाइयो। त्यस्तै २३ गते भएका निर्णय आ.व. २०७९/८० को वजेटसँग सम्बन्धित भएकाले नगरसभावाट वजेट स्वीकृत भै कार्यान्वयनको चरणमा रहेको ।

३. **कार्य सम्पादन सम्झौता सम्बन्धमा ।**
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ मा भएको व्यवस्था अनुसार नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले सबै महाशाखा प्रमुखहरु र वडा कार्यालयका वडा सचिवसँग कार्य सम्पादन सम्झौता गरी यस उपमहानगरपालिकाका काम कार्वाहिलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

४. **सामी परियोजना संचालन् सम्बन्धमा ।**
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत यस उपमहानगरपालिकामा संचालित सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम (सामी परियोजना) आ.ब. २०७९/८० देखि नगरपालिका आफैले संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

५. **आ.ब. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा सम्बन्धमा ।**
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को उपदफा ६ मा भएको व्यवस्था अनुसार यस उपमहानगरपालिका र वडा कार्यालयहरुबाट आ.व. २०७८/०७९ मा गरेका कामहरुको प्रगति समीक्षा २०७९ साल भाद्र मसान्तसम्म सम्पन्न गरि सक्ने ।

६. **विद्युतीय नक्सा पास प्रणाली कार्यान्वयन ल्याउने सम्बन्धमा ।**
क. नक्सा शाखामा विद्युतीय नक्सा पास प्रणालीको पुर्णरुपमा संचालन गर्ने ।
ख. विद्युतीय हस्ताक्षरको प्रयोग गरी, नक्सा शाखालाई पेपरलेस बनाउने ।
अ. यस उपमहानगरपालिकामा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएका सिभिल ईन्जिनियर/आर्किटेक्टले प्रमाणिकरण नियन्त्रणको कार्यालयले जारी गर्ने विद्युतीय हस्ताक्षर प्रति वर्ष रु. ५००० दर्ता शुल्क तिरि व्यवसाय दर्ता नगरी विद्युतीय नक्शा पास (E-BPS) मा सुचिकृत भई घर नक्सा डिजाईन/सुपरभिजन गर्न पाउने ।
आ. यस धरान उपमहानगरपालिकामा मिति २०७९ भाद्र १५ गते देखि नयाँ दर्ता हुने र पुराना घर नक्सापास आवेदनहरु पुर्ण रुपमा विद्युतिय नक्सा पास प्रणालीको प्रयोग गरी संचालनमा ल्याउने । साथै भाद्र १४ गतेसम्म वडाबाट सर्जमिन भइ प्रमाणपत्रको लागि सिफारिस भएका नक्साहरुलाई पनि अनलाईन प्रविष्टि गरी कार्य अगाडि बढाउने ।
इ. यस नगरपालिकामा रहेको पुराना घरनक्साका फाईलहरु विद्युतिय हस्ताक्षरको प्रयोग गरी उक्त कागजातहरुलाई कानूनी मान्यता प्रदान हुने गरी, अनलाईन प्रवृष्टि गराई सेवाग्राहीहरुलाई नै फिर्ता गर्ने व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाउने ।
ई. विद्युतिय नक्सा पास प्रणाली अत्याधुनिक प्रविधिमा आधारित भएकाले सेवाग्राहीहरुमा पनि सुरुवाति चरणमा केहि असजिलो हुने हुदाँ वडा भेला गरी वडावासी, नक्सा डिजाइनर, सरोकारवालाको सहभागितामा यस प्रणाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

मिति २०७९/०४/२५ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरुः

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३१ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस भन्दा अघि २०७९ असाढ २१ गते र २३ गते कार्यपालिकाको बैठक बसेको र २१ गतेको बैठकबाट १६ वटा र २३ गतेको बैठकमा २ वटा निर्णय भएको थियो । २१ गते भएका निर्णयहरु मध्ये राष्ट्रिय आविष्कार केन्द्रको शाखा खोल्नेसँग सम्बन्धी निर्णय बाहेक अन्य केहि निर्णयहरु कार्यान्वयन भै सकेका र केहि निर्णयहरु कार्यान्वयन हुदै गरेको अवस्था पाइयो। त्यस्तै २३ गते भएका निर्णय आ.व. २०७९/८० को वजेटसँग सम्बन्धित भएकाले नगरसभाबाट वजेट स्वीकृत भै कार्यान्वयनको चरणमा रहेको ।

३. **कार्य सम्पादन सम्झौता सम्बन्धमा ।**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ मा भएको व्यवस्था अनुसार नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले सबै महाशाखा प्रमुखहरु र वडा कार्यालयका वडा सचिवसँग कार्य सम्पादन सम्झौता गरी यस उपमहानगरपालिकाका काम कार्वाहिलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

४. **सामी परियोजना संचालन सम्बन्धमा ।**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत यस उपमहानगरपालिकामा संचालित सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम (सामी परियोजना) आ.ब. २०७९/८० देखि नगरपालिका आफैले संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

५. **आ.ब. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा सम्बन्धमा ।**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को उपदफा ६ मा भएको व्यवस्था अनुसार यस उपमहानगरपालिका र वडा कार्यालयहरुबाट आ.व. २०७८/०७९ मा गरेका कामहरुको प्रगति समीक्षा २०७९ साल भाद्र मसान्तसम्म सम्पन्न गरि सक्ने ।

६. **विद्युतीय नक्सा पास प्रणाली कार्यान्वियन ल्याउने सम्बन्धमा ।**

क. नक्सा शाखामा विद्युतीय नक्सा पास प्रणालीको पुर्णरुपमा संचालन गर्ने ।

ख. विद्युतीय हस्ताक्षरको प्रयोग गरी, नक्सा शाखालाई पेपरलेस बनाउने ।

अ. यस उपमहानगरपालिकामा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएका सिभिल ईन्जिनियर/आर्किटेक्टले प्रमाणिकरण नियन्त्रणको कार्यालयले जारी गर्ने विद्युतीय हस्ताक्षर प्रति वर्ष रु. ५००० दर्ता शुल्क तिरि व्यवसाय दर्ता नगरी विद्युतीय नक्शा पास (E-BPS) मा सुचिकृत भई घर नक्सा डिजाईन/सुपरभिजन गर्न पाउने ।

आ. यस धरान उपमहानगरपालिकामा मिति २०७९ भाद्र १५ गते देखि नयाँ दर्ता हुने र पुराना घर नक्सापास आवेदनहरु पुर्ण रुपमा विद्युतिय नक्सा पास प्रणालीको प्रयोग गरी संचालनमा ल्याउने । साथै भाद्र १४ गतेसम्म वडाबाट सर्जमिन भइ प्रमाणपत्रको लागि सिफारिस भएका नक्साहरुलाई पनि अनलाईन प्रविष्टि गरी कार्य अगाडि बढाउने ।

इ. यस नगरपालिकामा रहेको पुराना घरनक्साका फाईलहरु विद्युतिय हस्ताक्षरको प्रयोग गरी उक्त कागजातहरुलाई कानूनी मान्यता प्रदान हुने गरी, अनलाईन प्रवृष्टि गराई सेवाग्राहीहरुलाई नै फिर्ता गर्ने व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाउने ।

ई. विद्युतिय नक्सा पास प्रणाली अत्याधुनिक प्रविधिमा आधारित भएकाले सेवाग्राहीहरुमा पनि सुरुवाति चरणमा केहि असजिलो हुने हुदाँ वडा भेला गरी वडावासी, नक्सा डिजाइनर, सरोकारवालाको सहभागितामा यस प्रणाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

७. **साबुन फ्याक्ट्रि खोल्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिका क्षेत्रमा उद्योग धन्दाहरु प्रशस्तमात्रामा नभएको र बेरोजगारको संख्या ठुलो रहेकाले त्यसलाई मध्येनजर गर्दै नगर क्षेत्र आसपासमा रहेका ऐलानी प्रति जग्गाहरुको व्यवस्था गरी नगरपालिका तहबाट साबुन उत्पादन गर्ने फ्याक्ट्रि स्थापना गर्ने तर्फ कारवाही अघि बढाउने ।

८. **खानेपानीको पोखरी/जलकुण्ड बनाउने सम्बन्धमा ।**

यस उपमहानगरपालिका क्षेत्रमा हिउँदको समयमा धेरै सुख्खाहुने र पानीको मुहानहरु समेत सुक्ने गरेकाले खानेपानी समस्यालाई मध्यनजर गर्दै आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार धरान वडा नं. २० हाल सर्दु खोलाको पानी जम्माहुने ईन्टेक भन्दा पश्चिम पट्टिको बानीया टारमा भएको खाली जग्गामा पोखरी बनाउँनका लागि सम्भावता अध्ययन गर्ने गर्न कार्य अघि बढाउने ।

९. **बाटोको जग्गाको मुअब्जा सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको वडा नं. ३ वस्ने लक्ष्मी प्रसाद वनले धरान उपमहानगरपालिका वडा नं. १५ मा हिन्दुपती मार्ग बाटो निर्माण गर्दा निजको नाममा दर्ता कायम रहेको साविक २ "क" कि.न. ६२१२ को जग्गाबाट ५ फिट जग्गामात्र लिनु पर्नेमा थप ५ फिट बढि लिई ड्रेन निर्माण गरेकाले थप ५ फिट जग्गाको मुअब्जा पाउँ भनि जिल्ला अदालत मुद्दा दायर गरेकोमा जिल्ला अदालतबाट मिति २०७७/०९/२२ मा वादी माग दावी ठहरी फैसला गरेको र उच्च अदालत विराटनगरमा पुनरावेदन परि उच्च अदालतबाट समेत मिति २०७८/११/०८ मा सुरु फैसला सदर गरेको हुँदा फैसला बमोजिमको मुअब्जा रकम उपलब्ध गरादिन भनि जिल्ला अदालत सुनसरीको मिति २०७९/०३/२७, च.नं. ४०२३३ को पत्र आजको वैठकमा पेश भइ छलफल भयो यस विषयमा उक्त वडाका वडा अध्यक्षले सम्बन्धित जग्गाका जग्गा धनीहरुसँग छलफल गरी आवश्यक व्यवस्थापन गर्ने र सो को कार्य प्रगति नगरपालिकामा पेश गर्ने ।

१०. **सार्वजनिक खरिद नियमावली संशोधन सम्बन्धमा ।**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४ को उपदफा २ अनुसार यस उपमहानगरपालिकाले सार्वजनिक खरिद नियमावली २०७८ बनाई लागु गरेकोमा नेपाल सरकारबाट सार्वजनिक खरिद नियमावली २०६४ संशोधन भएको तर यस उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली संशोधनको तयारी भई रहेकोले सो संशोधन नटुङ्गिएसम्म संशोधन भएको हकमा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार नै काम कार्वही अगाडि बढाउने ।

११. **२०७८/०९/०५ देखि पछि २०७९ असार मसान्त सम्मभा निर्णय भएको बाटोको नामाकरण तथा मापदण्ड अनुमोदन सम्बन्धमा ।**

यस उपमहानगरपालिकाका विभिन्न वडाहरुबाट माग भएको बाटोको मापदण्ड निर्धारण र नामाकरण सम्बन्धमा मिति २०७८/०९/०५ देखि पछि २०७९ असार मसान्त सम्म नगर प्रमुख स्तरीय निर्णयबाट मापदण्ड कायम र नामाकरणको भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो। अनुमोदन भएका बाटोहरुको विवरण पछाडी पानामा टाँस गरी प्रमाणित गरिएको छ ।

१२. **नारी शिल्पकला केन्द्रमा बसेको मानिसलाई सार्ने खर्च सम्बन्धमा।**

धरान १२ स्थीत नारी शिल्पकला केन्द्रको जग्गामा पुरानो भवन भत्काई १२ नं. वडा कार्यालय सहितको भवन निर्माणको कार्य भईरहेकोमा उक्त स्थानमा टहरा बनाई बसोवास गरेका रागधारी बास्फोरले आफ्नो टहरा उठाइ लैजान खर्चको अभाव भएकाले खर्च उपलब्ध गराइ पाउँ भनि दिइएको निवेदन सम्बन्धमा निजको टहरा भत्काई अन्यत्र सार्न रु. २५०००/-(अक्षेरुपी रु. पच्चिस हजार) उपलब्ध गराउँने ।

१३. **नगर दररेट स्वीकृती सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको आ.व २०७९/८० का लागि विभिन्न निर्माण कार्य, सामान खरिद लगायत मिस्त्री तथा ज्यामीहरुको ज्याला दररेट समेत समावेश भएको पेश हुन आएको नगर दररेट स्वीकृत गर्ने। स्वीकृत नगर दररेटलाई छुट्टै प्रमाणित गर्ने निर्णय गरियो ।

१४. **नयाँ कक्षा संचालन/कक्षा थप/ विषय थप अनुमति सम्बन्धमा ।**

शैक्षिक सत्र २०७९ देखि नयाँ सञ्चालन अनुमती/ कक्षा थप अनुमती र विषय थप अनुमती माग गरी नगर क्षेत्रमा सञ्चालन भएका विभिन्न ३५ वटा विद्यालयहरुले आवेदन पेश गरेकोमा सम्बन्धित महाशाखाबाट स्थलगत

विद्यालयहरुको विवरण पछाडी पानामा टाँस गरी प्रमाणित गरिएको छ ।

**१५. स्थानीय पाठ्याक्रम निर्माण गर्दा भएको खर्च सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाले गठन गरेको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले पाठ्यक्रम निर्माण गरी नगर क्षेत्रमा लागु समेत भै सकेको तर पाठ्यक्रम निर्माण गर्ने क्रममा आवश्यक पर्ने खर्च सम्बन्धी मापदण्ड नभएकाले धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि २०७८ मा भएको व्यवस्था अनुरुप पाठ्यक्रम निर्माण गर्दा भएको तपसिलका कामहरुको तपसिल अनुसारको खर्चलाई अनुमोदन गर्ने ।

<u>तपसिल</u>

क. कक्षा १ को पाठ्यक्रम निर्माणका लागि विज्ञ ३ जना लाई १० दिनको प्रतिदिन रु ३००० को दरले भएको खर्च रु ९००००/-(नब्बे हजार मात्र)

ख. कक्षा ६ को पाठ्यक्रम निर्माणका लागि ३ जना विज्ञको १५ दिनको प्रतिदन रु. ३००० को दरले भएको खर्च रु १३५०००/-(एक लाख पैंतिस हजार)

**१६. फोहोरमैला कसुर गरे बापत जरिवाना निर्धारण र अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

मिति २०७९/०३/२१ गतेको कार्यपालिका बैठकबाट कोशी राजमार्ग अन्तर्गतको तीनकुनेदेखि छाताचौकसम्मको राजमार्ग आसपासका क्षेत्रमा जथाभावि फोहोर फालेको पाइएमा त्यसरी फोहोरमैला फाल्नेलाई जरिवाना गर्ने निर्णय भएबमोजिम उल्लेखित तोकिएको क्षेत्रमा जथाभावि फोहोर गरेबापत धरान उपमहानगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७ को दफा ५२ को उपदफा १ मा उल्लेख भएका फोहोरमैलासम्बन्धि कसुरहरु मध्ये हाललाई देहायबमोजिमका कसुरहरुमा सोही ऐनको दफा ५३ अनुसार देहायबमोजिम जरिवाना निर्धारण गर्ने र उक्त जरिवाना असुल गर्ने अधिकार धरान उपमहानगरपालिकाको नगर प्रहरी शाखालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

<u>कसुर तथा जरिवाना :</u>

| क्र.सं. | कसुर | जरिवाना |
|---|---|---|
| १ | दफा ५२(१)(क) नगरपालिकाले तोकिदिएको समय र स्थानमा बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने | रु. ५०००/-(अक्षेरुपी रु. पाँच हजार मात्र) |
| २ | दफा ५२(१)(ख) कण्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने | रु. ५००/-(अक्षेरुपी रु. पाँच सय मात्र) |
| ३ | दफा ५२(१)(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने | रु. १५०००/-(अक्षेरुपी रु. पन्ध्र हजार मात्र) |
| ४ | दफा ५२(१)(च) फोहोरमैला संकलन केन्द, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनैपनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने | रु. ५०००/-(अक्षेरुपी रु. पाँच हजार मात्र) |
| ५ | दफा ५२(१)(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला तोकिएको समयभन्दा बाहेक सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने, थुपार्ने वा जलाउने | रु. १०००/-(अक्षेरुपी रु. एक हजार मात्र) |
| ६ | दफा ५२(१)(ज) फोहोरबाट निस्केको दुषित पानी(लिचेट) वा ढल चुहाई वा घर, जग्गा, सार्वजनिक स्थल र वातावरण प्रदुषित गराउने | रु. १०००/-(अक्षेरुपी रु. एक हजार मात्र) |
| ७ | दफा ५२(१)(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने | रु. ३००००/-(अक्षेरुपी रु. तिस हजार मात्र) |
| ८ | दफा ५२(१)(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने | रु. ५००००/-(अक्षेरुपी रु. पचास हजार मात्र) |
| ९ | दफा ५२(१)(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने | रु. ५००००/-(अक्षेरुपी रु. पचास हजार मात्र) |
| १० | दफा ५२(१)(द) मानव र अन्य पशुको दिशाजन्य फोहोर, मरेको वा मारेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने | रु. १०००/-(अक्षेरुपी रु. एक हजार मात्र) |

१७. विविध

क. सदस्य मनोनयन सम्बन्धमा ।

अपाङ्गता परिचय पत्र वितरण कार्यविधि २०७५ को परिच्छेद ३(६) मा भएको बुँदा नं. (ख) बमोजिमको सदस्यमा यस उपमहानगरपालिकाको अपाङ्गता परिचय पत्र वितरण स्थानीय समितिको सिफारिस अनुसार वडा नं. ९ को महिला सदस्य श्री अम्बिका विशंखेलाई मनोनयन गर्ने निर्णय गरियो ।

ख. सुविधा सम्बन्धमा ।

यस धरान उपमहानगरपालिकाको अपाङ्गता परिचय पत्र वितरण कार्यविधि २०७५ को परिच्छेद ३ (६) मा भएको व्यवस्था अनुसार गठित समितिमा १ जना चिकित्सक विशेषज्ञ सदस्य रहने व्यवस्था भएकोमा निजलाई अपाङ्गता परिचय पत्र वितरण गर्ने प्रयोजनका लागि अपाङ्गको अपाङ्गता परिक्षण समेत गर्नुपर्ने भएको हुँदा निजलाई बैठक भत्ताको अतिरिक्त स्थानीय यातायात र उपकरण सामाग्री प्रयोग वापत रु. ५०००/- (पाँच हजार मात्र।) सुविधा उपलब्ध गराउँने व्यवस्था धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ मा समावेश गर्ने निर्णय गरियो ।

ग. उपचार खर्च सम्बन्धमा ।

यस धरान उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारी कार्यालय सहयोगी श्री धनबहादुर बराईलीको छोरा वर्ष २४ सविन बराईली बिरामी भई बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भर्ना भई उपचार गराउँदा टाउकोमा रगत जमेको कारण MRI गर्नुपर्ने भएको र सो सुविधा ताहाँ उपचार हुन नसकि मिति २०७९/०४/१६ गतेबाट विराट नर्सिङ्ग अस्पताल, विराटनगरमा उपचारत रहेको र अझै केहि समय उपचार गर्न राख्नुपर्ने भएकोले आर्थिक सहयोगका लागि माग भएको हुँदा निजलाई रु. ३५०००/- (पैंतीस हजार मात्र।) उपचार खर्च उपलब्ध गराउँने निर्णय गरियो ।

घ. सुचिकृत वेरोजगार व्यक्तिको सूचि स्वीकृत गर्ने सम्बन्धमा ।

आ.व. २०७९/०८० मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना (युवारुप) कार्यक्रम संचालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार वडा कार्यालय मार्फत निवेदन दिएका र EMIS मा प्रविष्ठ गर्दा स्वीकृत भएका साथै प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिबाट सिफारिस भएका विभिन्न वडाका ४२१ जना वेरोजागर व्यक्तिहरुको सूचीलाई स्वीकृत गर्ने निर्णय गरियो ।सुचिकृत वेरोजगार व्यक्तिहरुको संख्या पछाडी पानामा टाँस गरी प्रमाणित गरिएको छ ।

आजको बैठक विहान १२:१५ बजे समाप्त भयो ।

वैठकको निर्णय माईनट गर्ने : वरिष्ठ कर अधिकृत ,खगेन्द्र प्रसाद खतिवडा ।

अनुसूची–१

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घरनक्सा शाखा

आ.ब. २०७८|७९को (२०७८|०९|०५ देखी २०७९|०३|३१ सम्म)

मापदण्ड तथा नामाकरण भएका बाटाहरुको विवरण

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | मन्जु मगर समेत ५ जना | १३ | २०७९|०२|१८ | गोल्डेन भिलेज मार्ग | २० फि. | नागेश्वर पथ | कि.नं.३२६५सम्म |
| २ | हर्कजंग एभेङ समेत २ जना | १४ | २०७८|०९|१९ | नयाँ सडक | २० फि. | नयाँ सडक लुप | कि.न.२७६६को उत्तर पूर्व २१२७सम्म र२७६६देखी पूर्व उत्तर २८४३सम्म |
| ३ | स्वस्तीका बुढाथोकि समेत ८ जना | १७ | २०७८|१०|२३ | लोकप्रिय मार्ग लुप | १४ फि. | कि.नं.३४५३दक्षिण पुर्व कुना | कि.नं.३४५२सम्म |
| ४ | कमला राई समेत ८ जना | ८ | २०७८|१०|०२ | सुल्तान मार्ग | २० फि. | भृकुटी मार्ग देखी | भृकुटी मार्ग दक्षिण DE ब्ल विचको बाटी सम्म ९मी. |
| ५ | जय कुमारी राई समेत ४ जना | १३ | २०७८|०९|१९ | शिखर टोल लुप | २० फि. | कि.नं.१३५३को दक्षिण पुर्व कुना देखी | कि.नं.१३५५ सम्म |
| ६ | हर्कधन राई समेत १३ जना | ५ | २०७८|११|०१ | हाङखिम मार्ग | २० फि. | कि.नं.९८३को दक्षिण पुर्वी कुना बाट | कि.नं.१३०९ सम्म |
| ७ | नयन्ती थलङ समेत १० जना | ६ | २०७८|११|३० | सनरोमी मार्ग | २० फि. | कि.नं. ६८१को पुर्व दक्षिण देखी | कि.नं.११७३को पश्चिम दक्षि कुना सम्म |
| ८ | सुस्मिता गुप्ता समेत ८ जना | १९ | २०७८|१०|२३ | जिमी मार्ग लुप(क) | २० फि. | जिमी मार्ग देखी | कि.नं.४१८२ दक्षिण पश्चिम कम्पाउण्ड सम्म |
| ९ | कृष्ण प्रसाद घिमिरे | १६ | २०७८|११|०२ | ध्रुव पथ लुप | १४ फि. | ध्रुव मार्ग देखी | दक्षिण पश्चिम कि.नं.९१३५ |
| १० | दुर्गामाया मगर समेत २ जना | १७ | २०७८|१०|०२ | हर्ष मार्ग (निरन्तर) | २० फि. | कि.नं. ७६८८ देखी | कि.नं.१०३५६ सम्म |
| ११ | दिर्घमाया मगर समेत ७ जना | ६ | २०७८|११|०१ | ग्याँस प्लान्ट मार्ग | २४ फि. | प्रगति मार्ग देखी | पश्चिम तर्फ कि.नं.१४७८व पश्चिम दक्षिण कुना सम्म |
| १२ | गंगादेवी श्रेष्ठ समेत ४ जना | ११ | २०७८|११|३० | भिमकुलो चौक | २० फि. | सृजना मार्ग बाट | कि.नं.९४६ पश्चिम सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | सविता राई समेत ५ जना | ११ | २०७८\|११\|३० | पञ्च मार्ग | २० फि. | सयपत्री मार्ग देखी | कि.नं.२९०१ सम्म |
| १४ | गिता नेपाल समेत ६ जना | ११ | २०७८\|११\|२५ | लक्ष्मण मार्ग | २० फि. | कि.नं. ३४२को उत्तर पूर्व कुना देखी | कि.नं.१९को उत्तर पूर्व कुना सम्म |
| १५ | सावित्रा लिम्बु समेत | १५ | २०७८\|१०\|२५ | ताङसिङ पथ. | १४ फि. | पर्वत मार्ग देखी | कि.नं. १२३१७को पूर्व उत्तर कु सम्म |
| १६ | श्याम बहादुर कटुवाल समेत ५ | ६ | २०७८\|११\|०९ | अमृत मार्ग | २६ फि. | कि.नं.४९४को पूर्व दक्षिण कुना हुँदै | कि.नं.८८७कै उत्तर पश्चिम कुना सम्म |
| १७ | रोशन गुरुङ समेत ६ जना | १९ | २०७९\|०१\|०९ | सृजना मार्ग लुप | २० फि. | सृजना मार्ग देखी | कि.नं.४३१५,४३२५सम्म |
| १८ | हेम कुमारी विष्ट समेत | १७ | २०७८\|११\|२२ | सुवेदी मार्ग | १४ फि. | कोशी प्रोजेक्टको चतरा मार्ग देखी | कि.नं.५२१०सम्म (पश्चिम दक्षिण) |
| १९ | गाउँमाया गुरुङ समेत ५ जना | १३ | २०७८\|११\|२३ | धनज्योति मार्ग | १४ फि. | धनकुटे रोड देखी | कि.नं.१९५१को दक्षिण पश्चिम कुना सम्म |
| २० | नारायण भण्डारी समेत ५ जना | ६ | २०७८\|१२\|०६ | न्यूरोड पथ | २० फि. | न्यूरोड पथ देखी | पूर्व उत्तर गई कि.नं.३३६४को उत्तर पश्चिम कुना सम्म |
| २१ | केशमाया लिम्बुनी समेत ५ जना | १९ | २०७८\|१२\|०५ | सृजना मार्ग लुप(ग) | २० फि. | सृजना मार्ग देखी | कि.नं.४२६७ र ४२७१को पश्चिम कुना सम्म |
| २२ | चन्द्र कुमारी लिम्बु समेत २ जना | १३ | २०७९\|०१\|०७ | उदय स्वस्तीका मार्ग लुप | २० फि. | उदय स्वस्तीका मार्ग देखी | कि.नं.३३०८ सम्म |
| २३ | सुदिप श्रेष्ठ समेत ६ जना | १५ | २०७९\|०३\|०२ | लिला मार्ग लुप | १४ फि. | सुसन रोड ३०फिट देखी | दक्षिण कि.नं.१६६३र१३५९सम्म |
| २४ | राजिव अग्रवाल समेत | ११ | २०७९\|०१\|०९ | चतरा लाईन लुप | १४ फि. | चतरा लाईन लुप देखी | पूवतर्फ कि.नं.३२५४ सम्म |
| २५ | तुङ्गनाथ भण्डारी | १३ | २०७९\|०१\|१३ | ओमसाई पथ | १४ फि. | अमर पथ लुप देखी | कि.नं.१०४१को दक्षिण पश्चि कुना सम्म |
| २६ | अम्बिका राई समेत ८ जना | १७ | २०७९\|०१\|२२ | चतरा मार्ग लुप | २० फि. | कि.नं.१०२२३को दक्षिण पश्चिम कुना देखी | कि.नं.१०२२४को पूर्व दक्षिण कुना सम्म |
| २७ | दिल बहादुर राई | ६ | २०७९\|०२\|१७ | नयाँ सरस्वती मार्ग | २० फि. | सरस्वती मार्ग देखी | कि.नं.३५६७को पूर्व दक्षिण कु सम्म |
| २८ | धन बहादुर थापा मगर समेत ५ | १५ | २०७९\|०२\|२३ | निशान मार्ग (निरन्तर) | २० फि. | निशान मार्ग र त्रिशुल मार्ग मिट प्वाईन्ट मार्ग | कि.नं.१४३३९,१४१९८ र १४२१४ सम्म |
| २९ | देवि राई समेत ७ जना | ५ | २०७९\|०३\|०१ | फुलबारी मार्ग लुप | २० फि. | फुलबारी मार्ग देखी | पूर्व बन्द कि.नं.१७१३ र १७ सम्म |
| ३० | रोशन शेर्पा समेत ५ जना | १७ | २०७९\|०३\|१५ | पासाङ रिन्जी मार्ग | २० फि. | हिम पथ(खोल्सी)देखी | पश्चिम तर्फ कि.नं. १०६१५ उत्तर दक्षिण कुना सम्म |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | प्रमिला राई संमेत ९ जना | १७ | २०७९।०३।२७ | प्रणय पथ | १४ फि. | ईन्द्रेणी मार्ग देखी | पश्चिम तर्फ कि.नं.५७१८को पश्चिम दक्षिण कुना सम्म |
| ३२ | अन्जु शंकर | ६ | २०७९।०३।१५ | सुनगाभा मार्ग | २० फि. | जनजागरण मार्ग देखी | पूर्व तर्फ कि.नं.२६९५को दक्षिण पश्चिम कुना सम्म र उत्तर तर्फ कि.नं.४८०१, ४८०२ सम्म |
| ३३ | दल बहादुर लिम्बु समेत | १५ | २०७९।०३।१२ | संयुक्त पथ (नाम परिर्वनत मात्र) | २० फि. | सुसन रोड | उत्तर पूर्व सम्म |

| . | विद्यालयको नाम | ठेगाना | कक्षा/विषय | किसिम | स्थलगत निरीक्षणबाट प्राप्त राय/सुझाव |
|---|---|---|---|---|---|
| १ | कार्मेल हाइ स्कुल | धरान -१८ | कक्षा -३ | संस्थागत | पूर्व प्राथमिक र कक्षा ३ थप गर्न उपयुक्त देखिएको |
| २ | जेनिथ इङलिस स्कुल | धरान - १६ | कक्षा -१२ | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| ३ | चिल्ड्रेन्स हाउस मन्टेश्वरी | धरान -१५ | कक्षा -३ | संस्थागत | कक्षा ३ थप गर्न उपयुक्त देखिएको |
| ४ | समानता एकेडेमी | धरान - १५ | कक्षा -६ | संस्थागत | कक्षा ६ थप गर्न उपयुक्त देखिएको |
| ५ | श्री सहिद स्मृति माध्यमिक विद्यालय | धरान -८ | कक्षा -११ विषय थप | सामुदायिक | कक्षा ११ कम्प्युटर विज्ञान विषय पठनपाठन गर्नेगरी विषय थप गर्न उपयुक्त देखिएको |
| ६ | सुशिक्षा मन्टेश्वरी | धरान -८ | पूर्व प्राथमिक | संस्थागत | पूर्व प्राथमिक कक्षा थप गर्न उपयुक्त देखिएको |
| ७ | श्री पं दन्तकाली माध्यमिक विद्यालय | धरान -१४ | कक्षा -१२ र कक्षा ११ विषय थप | सामुदायिक | शिक्षा समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप र व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| ८ | श्री पिण्डेश्वर संस्कृत माध्यमिक विद्यालय | धरान -१४ | कक्षा -१२ | सामुदायिक | संस्कृत समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| ९ | राईजिङ इङलिस स्कुल | धरान -५ | कक्षा -७ | संस्थागत | कक्षा ७ थप गर्न उपयुक्त देखिएको |
| १० | देउराली पञ्चकन्या विलिभर्स इङलिस स्कुल | धरान -५ | कक्षा -८ | संस्थागत | कक्षा ८ थप गर्न उपयुक्त देखिएको |
| ११ | सैनिक आवासीय महाविद्यालय | धरान -१३ | कक्षा ११ विषय थप | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| १२ | श्री पिण्डेश्वर बाल विकास केन्द्र | धरान -१४ | पूर्व प्राथमिक | सामुदायिक | स्थानीय सरकारले आर्थिक दायित्व बहन गर्न सक्ने अवस्थामा मात्र विद्यालय स्थापना गर्न स्वीकृति दिन सकिने |
| १३ | श्री पिण्डेश्वर आधारभूत विद्यालय | धरान -१४ | आधारभूत तह | | |
| १४ | शिक्षा सन्देश सेकेण्डरी बोर्डिङ स्कुल | धरान -६ | कक्षा -११ | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| १५ | धरान पिस एन्जल एकेडेमी | धरान -८ | कक्षा -३ | संस्थागत | कक्षा ३ थप गर्न उपयुक्त देखिएको |
| १६ | युनाइटेड गोर्खा एकेडेमी | धरान -१५ | कक्षा -११ | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| १७ | विद्या भुषण स्कुल | धरान -८ | कक्षा - १२ र कक्षा ११ विषय थप | संस्थागत | विज्ञान समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न र व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| १८ | उज्जवल तारा एकेडेमी | धरान -६ | कक्षा -६ | संस्थागत | कक्षा ६ थप गर्न उपयुक्त देखिएको |
| १९ | के के इन्टरनेश्नल स्कुल | धरान -१५ | कक्षा -१२ विषय थप | संस्थागत | विज्ञान समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| २० | जेम सेकेन्डरी बोर्डिङ स्कुल | धरान -१८ | कक्षा -११ | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| २१ | होली ल्याण्ड इन्टरनेश्नल स्कुल | धरान -१५ | कक्षा -११ | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| २२ | ऋषिकुल विद्यापिठ आश्रम | धरान -१४ | कक्षा -५ | सामुदायिक | कक्षा ५ थप गर्न उपयुक्त देखिएको |
| २३ | आवर होम इङलिस स्कुल | धरान -१९ | कक्षा -१० | संस्थागत | कक्षा १० थप गर्न उपयुक्त देखिएको |
| २४ | आशा एकेडेमी | धरान -६ | कक्षा -८ | संस्थागत | कक्षा ८ थप गर्न उपयुक्त देखिएको |
| २५ | एप्पल मन्टेश्वरी स्कुल | धरान -११ | कक्षा -४ | संस्थागत | कक्षा ४ थप गर्न उपयुक्त देखिएको |
| २६ | जोल साया एकेडेमी | धरान -११ | कक्षा -६ | संस्थागत | कक्षा ६ थप गर्न उपयुक्त देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | हिविस्कस इङलिस बोर्डिङ स्कुल | धरान -१५ | कक्षा - १२ र ११ विषय थप | संस्थागत | विज्ञान समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न र कानून समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| २८ | धरान इङलिस बोर्डिङ स्कुल | धरान -५ | कक्षा -४ | संस्थागत | कक्षा ४ थप गर्न उपयुक्त देखिएको |
| २९ | सिद्धार्थ शिसु सदन | धरान -१६ | कक्षा -११ | संस्थागत | कम्प्युटर विज्ञान समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| ३० | नेपाल पुलिस स्कुल | धरान -१३ | कक्षा -१२ र ११ विषय थप | संस्थागत | विज्ञान र कम्प्युटर विज्ञान समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न र व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| ३१ | श्री पञ्चकन्या माध्यमिक विद्यालय | धरान -१७ | कक्षा -१२ | संस्थागत | व्यवस्थापन र शिक्षा समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ विषय थप गर्न उपयुक्त देखिएको |
| ३२ | हिमालयन बोर्डिङ स्कुल | धरान -१२ | कक्षा ११ विषय थप र कक्षा - १२ | संस्थागत | व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा १२ थप गर्न र कानून समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |
| ३३ | हेब्रोन इङलिस बोर्डिङ स्कुल | धरान -६ | कक्षा -८ | संस्थागत | कक्षा ८ थप गर्न उपयुक्त देखिएको |
| ३४ | मन्टेश्वरी किन्डरगार्डेन | धरान -१६ | कक्षा -५ | संस्थागत | कक्षा ५ थप गर्न उपयुक्त देखिएको |
| ३५ | सियोन स्कुल | धरान -१६ | विषय थप | संस्थागत | होटल व्यवस्थापन समूहका विषय पठनपाठन गर्नेगरी कक्षा ११ विषय थप गर्न उपयुक्त देखिएको |

# प्रधानमन्त्री रोजगार कार्यक्रम ,धरान

आ.व.२०७९/८० को सुचिकृत बेरोजगारको नामावली

| क.स. | वडा नं | संख्या |
|---|---|---|
| १ | १ | २ |
| २ | ३ | ४ |
| ३ | ४ | ७० |
| ४ | ६ | ४८ |
| ५ | ८ | १६ |
| ६ | ११ | १२ |
| ७ | १३ | २ |
| ८ | १४ | ५ |
| ९ | १५ | १०० |
| १० | १६ | ७१ |
| ११ | १७ | २० |
| १२ | १९ | २८ |
| १३ | २० | ४३ |
| जम्मा | | ४२१ |